# सुरु भएछ क्या्रे शांति पर्ब !

फेरि सितार को धुन बजि रहेछ
चुँडियको तार बाट
पारिजात को सुगंध धर्ति भरि
मन भरि फैलि रहेछ
निसास्सिने काळात्रि पछि
पर छितिज मा
उजेलो को धर्सा हरु पलाइरहेछ ।

युग लामो भिषण महभारत सकिएछ
धनु काण पराय बनेको छ
अंकमाल गरेको छ खुसिले ।
यो कुरु क्षेत्र बाट
रक्ता धरा बाट
सेतो परेबा उडेको छ
पखेटा फेलाँउदै
निर्धक्क सँग
सुरु भएछ क्या्रे शांति पर्ब !

मरेको आशा
जुर्मुराउँदै उठेको छ
जीवन को मीठास
कोटि मुटु मा ।
यो खुसि भित्र
यो पत्र पत्र खुसि भित्र
बल्झि रहेछ त्रास हरु
कतै अनायस
यो सपना जस्तो मधुर खुसि
भाँचिने त हैन ?
फूल्नै नपाइ
कुनै ब्याधा,कतै लुकेर
तारो मार्न ताना बाना बुन्दै छ कि ?

यो सेतो परेवा लाइ
यो शांति पर्ब मा
अलिकति अमृत पिलाइ देउ !
तिम्रै हात ले ॥

कपिल अधिकारी
फेब 3,2003
ताइपे,ताइवान